नरहा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नरहा, सिरहा

मधेश प्रदेश, नेपाल

---

कार्यपालिकाको बैठक

बैठक संख्या - ४

आज मिति २०७९ साल मंसिर महिनाको १५ गते बिहिवार दिउसो ठिक ०२:०० बजे नरहा गाउँपालिका, सिरहाका अध्यक्ष श्रीमान् राम प्रमोद यादवको अध्यक्षतामा छलफल गर्न गाउँपालिकाको बैठक निम्न सहभागीहरुको उपस्थितिमा निम्न बमोजिमको एजेण्डाहरुमा छलफल गरि निम्नानुसारको निर्णयहरू गरियो |

उपस्थिति :

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री राम प्रमोद यादव | अध्यक्ष | |
| २. | श्री गुलाब देवी चौधरी | उपाध्यक्ष | |
| ३. | श्री अशोक कुमार महतो | अध्यक्ष वडा नं. १ | |
| ४. | श्री सम्झना सिंह | अध्यक्ष वडा नं. २ | |
| ५. | श्री मो. रुस्तम अन्सारी | अध्यक्ष वडा नं. ३ | |

| | | | |
|---|---|---|---|
| ६. | श्री राम विलेक्षण यादव | अध्यक्ष वडा नं. ४ | |
| ७. | श्री हुकुम देव यादव | अध्यक्ष वडा नं. ५ | |
| ८. | श्री श्याम कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९. | श्री प्रमिला देवी सदाय | कार्यपालिका सदस्य | |
| १०. | श्री मनरागी खत्वे मण्डल | कार्यपालिका सदस्य | |
| ११. | श्री सुकरिता यादव | कार्यपालिका सदस्य | |
| १२. | श्री मुसहर महरा | कार्यपालिका सदस्य | |
| १३. | श्री जानकी दास | कार्यपालिका सदस्य | |
| १४. | श्री रन्जित जंग अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | |

निर्णय

निर्णय नं. १.

गाउँ कार्यपालिकाका अघिल्ला बैठकहरु बाट भएका निर्णयहरुको समीक्षा गरियो | कार्यन्वयन गर्न बाँकि निर्णयहरु यथाशीघ्र कार्यन्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो |

निर्णय नं. २.

यस गाउँपालिकाका बन्दै गरेको प्रशासनिक भवनको तल्लो तलामा झ्यालहरुमा ग्रिल र मुख्य प्रवेश द्वारमा चेन गेट लगाउन भैपरी पुँजीगत शीर्षकबाट रकम रु. ५०००००.०० लाख बिनियोजन गर्ने निर्णय गरियो |

निर्णय नं. ३.

प्रस्तुत विषयमा यस गाउँपालिकामा खरिद गरिएका मोटरसाइकलहरु लामो समय देखि राखिएको तथा बिग्रिन लागेको हुनाले खरिद भएका सम्पूर्ण मोटरसाइकलहरु आवश्यकता बमोजिम शाखा प्रमुखहरुलाई प्रचलित कानुन बमोजिम हस्तान्तरण गर्ने निर्णय गरियो |

निर्णय नं. ४.

प्रस्तुत विषयमा गाउँपालिका राष्ट्रिय महासंघ नेपालको मिति २०७९\०७\१७ गते च.न. ४५ को प्राप्त पत्र बमोजिम आर्थिक वर्ष २०७७\०७८ को २००००.००, आर्थिक वर्ष २०७८\०७९ को २००००.०० र सदस्यता शुलक १००००.०० गरि जम्मा ५००००.०० राष्ट्रिय महासंघ नेपाललाई दिने निर्णय गरियो |

निर्णय नं. ५.

यस गाउँपालिकाको लागि एक थान जेनेरेटर खरिद गर्ने निर्णय गरियो साथै त्यसमा लाग्ने रकम गाउँपालिकाको मिल्ने शीर्षकवाट विनियोजन गर्ने निर्णय गरियो |

निर्णय नं. ६.

गहुँ बिउ खरिद गर्न समयको अभाव भएको हुनाले खरिद प्रक्रिया अपनाउन समय लाग्ने भएको हुनाले हाल कृषि शाखा कर्मचारी जय कुमार यादव लाई पेश्की दिई बिउ खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो |

निर्णय नं. ७.

प्रस्तुत विषयमा तथ्यांक सङ्कलन गर्न करार नियुक्त भएका श्री कमलेश यादव र पंकज यादवको बाँकि रहेका तलब भत्ता उपलब्ध गराउने निर्णय गरियो |

निर्णय नं. ८.

प्रस्तुत विषयमा यस गाउँपालिकाको लागि प्राप्त भएका मल तथा खाद्य र गहुँ बिउको लागि उपाध्यक्षज्युको अध्यक्षतामा बैठक बसी प्रत्येक वडामा वितरण हुने गरि मात्रै वितरण गर्ने निर्णय गरियो |